# पाखीबास नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### पाखीबास, धनकुटा
२०७३
१ नं.प्रदेश नेपाल

**सहायक पाँचौ वा सो सरह तहको**

## कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाको सूचना

सूचना नं. २ - २०७६/७७ प्रकाशन मिति-२०७७/०३/२३

लोकसेवा आयोगबाट प्रतिशत निर्धारण भई यस नगरपालिकामा रिक्त सहायक स्तर पाँचौ तह(प्र.) संख्या २ (दुई) कार्यक्षमताको मूल्याङ्कन द्वारा हुने बढुवाबाट पद पूर्ति गर्नु पर्ने भएको हुँदा यस नगर कार्यपालिका र मातहतको वडा कार्यालयहरुमा सहायक चौथो पदमा कार्यरत स्थायी कर्मचारीहरुले पाखीबास नगरपालिका कर्मचारी व्यवस्थापन (सेवा शर्त सम्बन्धी) ऐन, २०७७ को दफा -२७ बमोजिम योग्यता पुगेका सम्भाव्य उम्मेद्वारहरुले यस कार्यालयबाट निर्धारित ढाँचाको दरखास्त फाराममा उल्लेखित विवरण खुलाई मिति २०७७/०४/२६ सम्ममा दरखास्त दिनु हुन सूचना गरिन्छ । सम्बन्धित उम्मेदवारले एक प्रति दरखास्त फाराम स्पष्टसँग भरि दरखास्त पेश गर्ने अन्तिम मिति भित्र यस नगर कार्यपालिकाको कार्यालय पाखीबासमा बुझाई सक्नु पर्नेछ । म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कार्यवाही गरिने छैन ।

**उम्मेदवारहरुले दरखास्त दिदा ध्यान दिनु पर्ने बिषयहरु:-**

क) कर्मचारी व्यवस्थापन (सेवा शर्त सम्बन्धी) ऐन ,२०७७ का दफा- २७ बमोजिम बढुवाको लागी उम्मेद्वार हुन चाहिने न्युनतम सेवा अवधि पुगेको हुनुपर्ने र सम्बन्धित सेवा,समुह वा उपसूमहसँग सम्बन्धित विषयमा कम्तिमा एस.एल.सी. वा सो सरहको शैक्षिक योग्यता हुनु पर्नेछ ।

ख) कर्मचारी व्यवस्थापन (सेवा शर्त सम्बन्धी) ऐन २०७७ को दफा ३४ बमोजिम बढुवाको लागि सम्भाव्य उम्मेद्वार हुन अयोग्य नभएको हुनु पर्नेछ ।

ग) कर्मचारी व्यवस्थापन (सेवा शर्त सम्बन्धी) ऐन २०७७ को दफा २९ बमोजिम बढुवाको आधार बापतको अंक गणना गरी बढुवाको सिफारिस हुनेछ । ऐनको दफा २९ (२)अनुसार कार्यसम्पादनको मूल्याङ्कन, दफा २९(३) अनुसार जेष्ठताको मूल्याङ्कन, दफा २९(४) अनुसार शैक्षिक योग्यता, दफा २९(५) अनुसार भौगोलिक क्षेत्र बराबरको अंक र दफा २९(६) अनुसार सेवाकालिन तालिमको मूल्याङ्कन हुनेछ ।

घ) कर्मचारी व्यवस्थापन (सेवा शर्त सम्बन्धी) ऐन २०७७ बमोजिम सम्भाव्य उम्मेद्वारहरुको कार्यसम्पादन बापतको अंक गणना गर्दा अघिल्लो तीन आर्थिक बर्ष (२०७६ असार मसान्त सम्मको) हिसाबले र अन्य अंकको गणना गर्दा बढुवा दरखास्त दिने अन्तिम म्यादसम्म हासिल गरेको अंक गणना गरिनेछ ।

ङ) समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपी अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

च) दरखास्त फारामको सम्पूर्ण महलहरुमा उल्लेख भए बमोजिमका विवरणहरु स्पष्ट खुलाउनु पर्नेछ ।

छ) दरखास्त दस्तुर बापत रु ४००।- यस कार्यालयमा बुझाउनु पर्नेछ ।

...........................................
(डिकवहादुर राई)
प्रमुख प्रशासकीय अधिकृत
(उप-सचिव)
प्रमुख प्रशासकीय अधिकृत